# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २२ गते २०१६ साल

### श्री ५ को सरकार

### निर्माण संचार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको अतिरिक्त हुलाक नियमावली २०१६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### अतिरिक्त हुलाक नियमावली २०१६

प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो नियमावली बनाएको छ ।

१, संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो नियमावलीको नाम "अतिरिक्त हुलाक नियमावली, २०१६" रहेको छ ।

(२) यो नियमावली नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२, परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा–

(क) " अतिरिक्त हुलाक " भन्नाले यो नियमावली बमोजिम स्थापना गरिने अतिरिक्त हुलाक सम्झनु पर्छ ।

(ख) " अतिरिक्त हुलाक एजेन्ट " भन्नाले यो नियमावली बमोजिम अतिरिक्त हुलाक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संचालन गर्न नियुक्ति भएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "सम्बन्धित सरकारी हुलाक" भन्नाले अतिरिक्त हुलाक एजेन्टहरूलाई डांक बुझाई दिने हुलाकको टिकट वितरण गर्ने र तत्सम्बन्धी अरू कारवार गर्न कामको निमित यो नियमावली बमोजिम तोकिएको स्थानीय सरकारी हुलाक अड्डा सम्झनु पर्छ ।

(घ) "अनुसूची" भन्नाले यो नियमावलीको अनुसूची सम्झनु पर्छ ।

३, अतिरिक्त हुलाकको स्थापना गर्ने हुलाक नियन्त्रकको कर्तव्यः– (१) समय समयमा श्री ५ को सरकारको हुलाक विभागको डाइरेक्टरबाट निर्देश भ आएमा हुलाक नियन्त्रकले यो नियमावली बमोजिम आफ्नो इलाकाभित्र अतिरिक्त हुलाकहरूको स्थापना गर्नु गराउनु पर्छ । अतिरिक्त हुलाकहरूको संचालन गर्न हुलाक नियन्त्रकले त्यस्तो प्रत्येक अतिरिक्त हुलाकको निमित्त श्री ५ को सरकारको हुलाक विभागको डाइरेक्टरको पूर्व स्वीकृति लिई एक जना अतिरिक्त हुलाक एजेन्ट नियुक्त गर्नुपर्छ र त्यसरी नियुक्त गर्दा सम्बन्धित सरकारी हुलाकबाट डेलिभरीका लागि आएका र ठाउँ ठाउँमा चलान गर्नका लागि आएका हुलाक बस्तुहरू जहां जहां जसलाई जति सकेको छिटो डेलिभरी दिने काम र चलान गर्ने काम गर्ने छु, स्थानीय बिक्रीका लागि जिम्मा दिइएका हुलाक टिकट र तमाम मूल्यांकित हुलाक कागजातको बिक्री सुपथ अंकित मूल्यमा गर्नेछु, बिक्रीबाट आएको नगद समय समयमा नै सम्बन्धित सरकारी हुलाकमा बुझाउने छु र हुलाक सम्बन्धी नेपाल कानूनको पूर्णतया पालन गर्ने छु भन्नेसमेत व्यहोराको आवश्यक कबुलियतसमेत गराई लिनु पर्छ ।

(२) अतिरिक्त हुलाकहरू स्थापना गरिसकेपछि तिनीहरूलाई डांक बुझाई दिने, हुलाकको टिकट बितरण गर्ने र तत्सम्बन्धी अरू कारवार गर्ने कामको निमित हुलाक नियन्त्रकले सबैभन्दा नजिकको सरकारी हुलाक अड्डा तोकिदिनु पर्छ ।

(३) हुलाक नियन्त्रकले आफ्नो इलाकाभित्र अतिरिक्त हुलाकहरू स्थापना गरिसकेपछि ती हुलाकहरूको नाम, ती प्रत्येक हुलाकको निमित्त नियुक्ति भएको अतिरिक्त हुलाक एजेन्टको नाम, योग्यता, ठेगाना, उमेर, अतिरिक्त हुलाक चालू भएको र ती प्रत्येक हुलाकको निमित्त नियुक्ति भएको अतिरिक्त हुलाक एजेन्टले काम चालू गरेको मितिको सूचना श्री ५ को सरकारको हुलाक विभाग डाइरेक्टर छेउ सकभर चांडो पठाउनु पर्छ ।

४. सम्बन्धित सरकारी हुलाकहरूको कर्तव्यः– (१) यो नियमावली बमोजिम अतिरिक्त हुलाकहरूलाई डांक जिम्मा दिने, हुलाकको टिकट वितरण गर्ने र तत्सम्बन्धी अरू कारवार गर्ने कामको निमित्त तोकिएको सम्बन्धित सरकारी हुलाकहरूले प्रत्येक अतिरिक्त हुलाक एजेन्टबाट ने. रू. ५००। को धन जमानी लिई प्रत्येक अतिरिक्त हुलाकको मौज-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दातमा ने. रू. ४००। को मूल्यको भन्दा बढी नरहने गरी हुलाक टिकट, टिकटवाला खाम, हुलाकपत्र, हवाइपत्र इत्यादि मूल्यांकित हुलाक कागजात वितरण गर्नुपर्छ ।

(२) सम्बन्धित सरकारी हुलाकहरूले अतिरिक्त हुलाकलाई ठेकिएको मसलन्द खर्च र मासिक पारिश्रमिकसमेत मसलन्द सरहनै माल अड्डाबाट हस्ते बारी झिकी यथोचित समय समयमा नै दिनु पर्छ र यस्तो खर्च दिएको भरपाईको रिकर्ड सुरक्षित राख्नुपर्छ।

(३) सम्बन्धित सरकारी हुलाकहरूले समय समयमा अतिरिक्त हुलाकहरूमा रहेको हुलाक टिकट र त्यसको बिक्रीको नगदको मौजदातको जाँच र ती हुलाकहरूको तमाम कामको निरीक्षण, चेक, र जांच गर्नु पर्छ ।

(४) हुलाक नियन्त्रकको निर्देशानुसार अतिरिक्त हुलाकहरूको स्थापना र संचालन सम्बन्धी प्रारम्भिक प्रबन्ध सम्बन्धित सरकारी हुलाकले गर्नु पर्छ। र अतिरिक्त हुलाकमा नियुक्त भएका अतिरिक्त हुलाक एजेन्टलाई निजबाट कार्य संचालन गराउनुभन्दा अगावै अनुसूची बमोजिमको लेखिएको वा छापीएको शपथग्रहणपत्रमा दस्तखत गराउन र स्थानीय जनताको सामुन्ने सो सपथग्रहणपत्र पढेर सुनाउन लाउनु पर्छ ।

(५) अतिरिक्त हुलाकहरूबाट बिक्री भै खर्च भएको हुलाक टिकटको हिसाबको वासिल बांकी र नगद दाखिल भए पछि त्यसलाई सरकारी हुलाकहरूले सम्बन्धित माल अड्डामा दाखिल गरी दिनुपर्छ ।

५. अतिरिक्त हुलाक एजेन्ट हुनकोनिमित्त चाहिने योग्यताः– देहाय बमोजिमको नभै कुनै व्यक्तिलाई अतिरिक्त हुलाक एजेन्टमा नियुक्त गर्नु हुंदैन ः–

(क) नेपाली नागरिक भएको,

(ख) नेपाली भाषा लेख्न र पढन सक्ने र हिसाबको ज्ञान भएको,

(ग) १८ वर्ष उमेर पूरा गरेको,

(घ) फौज्दारी कसूरमा अदालतबाट सजाय नपाएको र,

(ङ) नेपाल अधिराज्यभित्र निजी घर जग्गा, वा व्यापार वा जीविकाको अरू कानूनी साधन भएको ।

६. प्राह्यताः– अतिरिक्त हुलाक एजेन्टमा नियुक्त गर्दा देहाय बमोजिमको उम्मेदवारलाई प्राह्यता दिनुपर्छ।

(क) स्थानीय पाठशालाको अध्यापक, वा

(ख) स्थानीय स्थायी दुकानदार, वा

(ग) श्री ५ को सरकारको ग्याजेटेड अफिसरबाट सिफारिश प्राप्त व्यक्ति ।

७. अतिरिक्त हुलाकहरूको दर्ता किताब र मान्यताः– (१) नेपाल अधिराज्यभर यो नियमावली बमोजिम स्थापना गरिएको सबै अतिरिक्त हुलाकहरूको नाम नामेसी, र स्थापना मितिसमेत दर्ता गरी श्री ५ को सरकारको हुलाक विभागले एउटा छुट्टै अतिरिक्त हुलाकहरूको दर्ता किताब खडा गरी राख्न पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सो दर्ता किताबमा दर्ता भएका अतिरिक्त हुलाकहरूको सूचना श्री ५ को सरकारको हुलाक विभागको डाइरेक्टरले स्थानीय माल अड्डाहरूमा पठाई दिनु पर्छ । त्यसको सूचना प्राप्त भएपछि सो सूचना बमोजिमका सबै अतिरिक्त हुलाकहरूलाई हुलाक सम्बन्धी सबै कामको निमित्त स्थानीय माल अड्डाले मान्यता दिनु पर्छ ।

८. अतिरिक्त हुलाक एजेन्टको कर्तव्यः— अतिरिक्त हुलाक एजेन्टको कर्तव्य देहाय बमोजिम हुने छ—

(क) आफूले गरेको कबूलीयत बमोजिम अतिरिक्त हुलाकको संचालन गर्ने,

(ख) नियम ४ को उप नियम (१) बमोजिम प्राप्त हुलाक टिकटको बिक्रीको नगद मूल्य वासिल बाकीसहित सम्बन्धित हुलाकमा बुझाउने,

(ग) अतिरिक्त हुलाक साधारणत दिनको ३ घण्टा खुला राख्ने,

तर डेलिभरीको काम धेरै भै नभ्याउने भएमा वा अरू कुनै कारण वस ३ घण्टा खुला राख्न नसकिने भएमा घटीमा २ घण्टासम्म खुला राख्नुपर्नेछ,

(घ) अतिरिक्त हुलाक कुनै बेला कति बजेदेखि कतिबजेसम्म खुला राख्ने भन्ने बारेमा आफ्नो राय सम्बन्धित सरकारी हुलाकमा पेश गरी स्वीकृति भै आए बमोजिमको समय निर्धारणको सूचनापत्र अतिरिक्त हुलाक बसेको ठाउंमा टांसेरसमेत स्थानीय जनतालाई सूचना गर्ने,

(ङ) कुनै कुरामा अतिरिक्त हुलाक र सम्बन्धित सरकारी हुलाकको विवाद भएमा सम्बन्धित सरकारी हुलाकको राय बमोजिम गर्ने,

तर सम्बन्धित सरकारी हुलाकको रायमा चित्त नबुझेमा स्थानीय हुलाक नियन्त्रक समक्ष पेश गर्न सकिने छ र त्यसरी पेश भएकोमा स्थानीय हुलाक नियन्त्रकको राय बमोजिम गर्नु पर्नेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

### शपथग्रहणपत्र

नेपाल अधिराज्यको . . . . . . . . . अंचल . . . . . . . . जिल्ला अन्तर्गत . . . . . . . . . गाउं ( शहर ) टोलमा बस्ने म . . . . . . . . . को छोरा वर्ष . . . . . . . . . को ईश्वरको नाममा शपथ लिन्छु कि . . . . . . . . . का मितिदेखि यस , . . . अतिरिक्त हुलाकको एजेन्ट भै काम गर्दा आफ्नो विवेक र बुद्धिले भेटेसम्म सुव्यवस्थित ढंगबाट इमान्दारी पूर्वक सबै कामकाज गर्नेछु । चिट्ठी पत्रको प्राचीनकाल-देखि चलिआएको परम्परागत पवित्रता र महत्व सम्झी सम्बन्धित . . . . . हुलाकबाट यस अतिरिक्त हुलाकमा डेलिभरीका लागि आएका र ठेगाना ठेगानामा चलान हुनका लागि यस अतिरिक्त हुलाकमा दाखिल हुन आएका एक एक हुलाक वस्तु जहाँ जहाँ, जस जसलाई, जतिसक्केको छिटो डेलिभरी गरी दिने काम गर्ने र चलान गर्ने काम गर्ने छु । स्थानीय विक्रीका लागि यस अतिरिक्त हुलाकमा दिइएका टिकट तथा तमाम मूल्यांकित हुलाक कागजातको विक्री सुपथ अंकित मूल्यमा नै गर्ने छु । यी कामहरू गर्दा कुनै बद नियती लापरवाही वा पक्षपात गर्ने छैन । अतिरिक्त हुलाक एजेन्ट भै कामकाज गर्दा जनताको सेवाको भावनाले काम गर्ने छु र हुलाकका बिभागीय रूल नियमहरू पूर्णतया मान्ने छु ।

आज्ञाले–
ढुण्डिराज शर्मा
श्री ५ को सरकारको सचिव,
निर्माण संचार तथा यातायात मन्त्रालय ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।